STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत १४ गते सोमबार ❑ 28 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## स्थानीय तह निर्वाचनका लागि मतदाता एक करोड ७७ लाख ३३ हजार ७२३ कायम

**रासस**
**काठमाडौं, १३ चैत**

आगामी वैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनका लागि एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाता कायम भएको छ।

निर्वाचन आयोगको आइतबारको बैठकले ८९ लाख ९२ हजार १० पुरुष र ८७ लाख ४१ हजार ५३० महिला तथा अन्य यौनिक तथा अल्पसङ्ख्यक समुदायका १८३ मतदाता कायम गरेको निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो।

आयोगका अनुसार सवैभन्दा बढी मतदाता सात लाख १५ हजार २२३ भएको जिल्ला मोरङ हो भने सबैभन्दा कम छ हजार ४१६ मनाङमा मतदाता छन् । धेरै मतदाता हुने जिल्लामा मोरङ, झापा र काठमाडौं छन् भने थोरै हुनेमा जिल्लामा मनाङ, मुस्ताङ र डोल्पा छन्। मतदाता नामावलीमा नाम समावेश भएका आगामी वैशाख २९ गते १८ वर्ष उमेर पुगेका मतदाताले मतदान गर्न पाउने यसपटक नयाँ व्यवस्था गरिएको छ। उक्त निर्वाचनका लागि मतदानस्थल १० हजार ७५६ र मतदान केन्द्र २१ हजार ९५५ कायम गरिएको उहाँले जानकारी दिनुभयो।

## न्यायिक समितिको राष्ट्रिय सम्मेलन पोखरामा

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ चैत**

न्यायिक समितिको राष्ट्रिय सम्मेलन सोमबारदेखि पोखरामा हुने भएको छ। पोखरा महानगरपालिका न्यायिक समितिको आयोजनामा पोखरा सभागृहमा हुने सम्मेलनको राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्नुहुने कार्यक्रम छ। सम्मेलनका लागि देशभरका न्यायिक समितिका प्रमुख तथा सदस्यलाई आमन्त्रण गरिएको आयोजक पोखरा महानगरपालिका उपप्रमुख एवं न्यायिक समितिकी प्रमुख मञ्जुदेवी गुरुङले जानकारी दिनुभयो।

महानगर, उपमहानगर, नगर र गाउँपालिकाका उपप्रमुखको नेतृत्वमा न्यायिक समिति रहने संवैधानिक व्यवस्था छ। सर्वसाधारणको न्यायमा पहुँच सहज र सरल बनाउने उद्देश्यका साथ न्यायिक समिति बनाइएको हो।

सम्मेलनको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिँदै गुरुङले देशभरका ७५३ पालिकाबाट न्यायिक समितिका संयोजक तथा सदस्यसहित झण्डै ८०० जनाको सहभागिता रहने बताउनुभयो। कार्यक्रममा गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङ, मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, उच्च अदालत पोखराका मुख्य न्यायाधीशलगायतले सम्बोधन गर्ने कार्यक्रम छ। सम्मेलनमा न्यायिक समितिका प्रमुखले कार्यसम्पादनका क्रममा देखिएका उपलब्धि, समस्या र चुनौतीसँगै समाधानका उपायबारे आ-आफ्ना धारणा राख्ने बताइएको छ। सम्मेलनले आगामी दिनमा न्यायिक समितिलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक सुझावसहित पोखरा घोषणापत्र जारी गर्नेछ।

## विआरआईअन्तर्गतका परियोजना अगाडि बढाउन एमालेको चिनियाँ विदेशमन्त्रीलाई आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ चैत**

नेकपा (एमाले) ले बेल्ट एण्ड रोड अवधारणासँग जोडिएका सडक, रेल, सिँचाइ, शिक्षा र स्वास्थ्यका परियोजनालाई अगाडि बढाउन चीन सरकारलाई आग्रह गरेको छ। नेपालको त्रिदिवसीय भ्रमणमा रहनुभएका चिनियाँ विदेशमन्त्री एवं राज्यपरिषद् सदस्य वाङ यीले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग शिष्टाचार भेटका क्रममा सो आग्रह गरिएको हो।

एमाले नेता राजन भट्टराईले आइतबार यहाँ भएको भेटवार्ताका क्रममा कोरोनाका कारण प्रभावित भएका चीनका विभिन्न विश्वविद्यालयमा अध्ययनका क्रममा रहेका नेपाली विद्यार्थीलाई सहज रुपमा फर्कने वातावरण बनाइदिन आफूहरुले आग्रह गरेको जानकारी दिनुभयो। कोरोना कहरका समयमा चीन सरकारका तर्फबाट नेपाललाई उपलब्ध गराइएको सहयोगप्रति एमालेले धन्यवाद दिएको थियो। तातोपानी र रसुवागढी नाकाको नियमित सञ्चालनका लागि एमालेले चिनियाँ विदेशमन्त्री वाङलाई आग्रह गरेको थियो। एमालेले गरेको आग्रहलाई विदेशमन्त्री वाङले सकारात्मक रुपमा लिँदै नेपालको विकास र समृद्धिका लागि सहयोग गर्न आफूहरु तयार रहेको बताउनुभएको थियो।

## धार्मिक पर्यटन प्रदेश समृद्धिको आधार : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १३ चैत**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेशलाई धार्मिक पर्यटनका माध्यमबाट समृद्ध बनाउन सकिने बताएका छन्। स्याङ्जाको कालीगण्डकी गाउँपालिकामा रहेको ऐतिहासिक आलमदेवी मन्दिरको अवलोकनपछि आइतबार मुख्यमन्त्री पोखरेलले आलमदेवी मन्दिरको सम्बन्ध नेपाल एकीकरणसँग पनि जोडिएको भन्दै यहाँ देश विदेशका पर्यटक भित्र्याउन त्यही अनुसारको प्रचार प्रसार जरुरी रहेको बताए।

धर्मलाई केबल परम्परासँग जोड्न नहुने भन्दै यसलाई जीवनशैलीसँग जोडेर समृद्धिको माध्यम बनाउनुपर्नेमा उनको जोड थियो। धर्मको कुनै भौगोलिक सीमा नहुने बताउँदै मुख्यमन्त्री पोखरेलले भने, 'भारतका प्रधानमन्त्री नरेन्द्र मोदी मुक्तिनाथ आएलगत्तै त्यसको अनुसरण गर्दै भारतीय धार्मिक पर्यटकको लर्को लागेको थियो, अब पनि त्यही अनुसार प्रचार गर्न सक्नुपर्छ।' हिन्दु संस्कारसँग जोडिएका नेपाल र भारतका विभिन्न तीर्थस्थलहरुको आपसी सम्बन्ध रहेको स्मरण गर्दै उनले २ देशका नागरिकबीच सम्बन्ध विस्तार गर्नुपर्नेमा जोड दिए। गण्डकी प्रदेशको दक्षिणी भेगमा रहेको गजेन्द्र मोक्षधामदेखि देवघाट, रामदीधाम हुँदै मुक्तिनाथसम्मको क्षेत्रलाई धार्मिक करिडोरका रुपमा विकास गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो। गण्डकी प्रदेश कालीगण्डकीबाट सिञ्चित पवित्र शालिग्रामको भूमि रहेको भन्दै मुख्यमन्त्री पोखरेलले यसलाई कुनै पनि हालतमा डाइभर्सन हुन नदिने भनाइ राखे। रामदी नजिकैबाट कालीगण्डकी डाइभर्सन गरी रुपन्देहीको तिनाउमा मिसाएर बिजुली निकाल्ने र सिँचाइका लागि प्रयोग गर्ने गरी अगाडि सारिएको आयोजनाको गण्डकी प्रदेशले यस अघि पनि विरोध गर्दै आएको छ। मुख्यमन्त्री पोखरेलले कालीगण्डकी नदीमात्र नभएर सभ्यतासमेत भएकाले योसँग धेरै सांस्कृतिक सम्बन्ध जोडिएको भनाइराखे।रामदीदेखि तलको भागको सुख्खा पार्ने र कालीगण्डकीको धार्मिक अस्तित्वलाई मेटाउने गरी यो आयोजना अगाडि सारिएकाले विरोध गर्नुपरेको उनले बताए।

ऐतिहासिक थलो आलमदेवीको विकासका लागि प्रदेश सरकारले छिटै प्याकेज नै घोषणा गरिने प्रतिबद्धता उनले जनाए। उनले भने, 'यहाँ आउने बाटो र यसको गुरुयोजनाका बारेमा माग भएको छ, पोखरा फर्केपछि यसका बारेमा बुझेर के गर्न सकिन्छ, निर्णयमा पुग्छु।' उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले आलमदेवीको ऐतिहासिक र धार्मिक पक्षका बारेमा जानकारी लिएका थिए। मन्दिर दर्शनका साथै उनले भजनकीर्तन समेत अवलोकन गरेका थिए। स्थानीय बासिन्दासमेत रहेका पूर्व सांसद शंकर पाण्डेले ऐतिहासिक थलो भए पनि आलमदेवीमा आवश्यकता अनुसार विकास हुन नसकेको भन्दै मुख्यमन्त्रीको ध्यानाकर्षण गराएका थिए। मन्दिरसम्म पुग्नका लागि सिंढी आवश्यक परेको, नेपाल एकीकरणका बेला र त्यसभन्दा अघिदेखिका महत्वपूर्ण हातहतियार मन्दिरमा रहेको र त्यसको संरक्षण जरुरी हेरेको उनले बताए। आलमदेवीको गुरुयोजना संघ सरकारबाट तयार भइसकेको र त्यसको कार्यान्वयनका लागि प्रदेश सरकारले पहल गर्न नेता पाण्डेले आग्रह गरे। मुख्यमन्त्री पोखरेलले स्याङ्जाको कालीगण्डकी र गुल्मीको सत्यवती गाउँपालिका जोड्न कालीगण्डकीमाथि बनाइएको रुद्रबेणी पुल आइतबार उद्घाटन गरेका छन्। उक्त पुल निर्माणका लागि करिब साढे ६ करोड रुपैयाँ खर्च भएको छ। २०६७ सालमा निर्माण सुरु भएको पुल २०७५ मा निर्माण सम्पन्न भए पनि उद्घाटन भएको थिएन।मुख्यमन्त्री पोखरेलले चापाकोट, गल्याङ, रुद्रबेणी सडकको स्तरोन्नतीको कामको शिलान्यास समेत गरेका छन्। रुद्रबेणी खण्डको सडक स्तरोन्नतीका लागि यो वर्ष ३ करोडको ठेक्का लागिसकेको छ।

मुख्यमन्त्री पोखरेल आइतबार कालीगण्डकीको कोटाकोटमा आयोजित आमसभामा सहभागी भएका छन्। उनले कालीगण्डकी जलविद्युत परियोजना समेत अवलोकन गरेका छन्। मुख्यमन्त्री पोखरेलले सोमबार स्याङ्जाको मालुंगामा शालिग्राम करिडोरको शिलान्यास गर्ने र उत्तरवाहिनी क्षेत्रको अवलोकन गरेर पोखरा फर्कने कार्यक्रम तय भएको छ।

## देशैभरका सुनचाँदी र रत्न व्यवसायी पोखरामा

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ चैत**



नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघले पोखरामा दुई दिने गोष्ठी सम्पन्न गरेको छ। महासंघले विगतको समीक्षा र आगामी कार्यदिशा, व्यवसायीको हकहित र नीतिगत प्रक्रियाको सन्दर्भमा शनिबार गोष्ठी सम्पन्न गरेको हो।

गोष्ठीको उद्घाटन गर्दै गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपुर्तिमन्त्री मणिभद्र शर्माले व्यवसायीसमक्ष स्वदेशी कालीगढ उत्पादन गर्नुपर्ने धारणा राखे। मन्त्री शर्माले आफ्नो गृह जिल्ला बाग्लुङमा अधिकांश कालीगढहरु भारतीय रहेको उल्लेख गर्दै स्वदेशी नागरिक नै कलाकौशलमा लाग्नुपर्ने सुझाव दिए। 'बाग्लुङमा मैले देखेका कालीगढहरु प्रायः भारतीय छन्, उनले भने, 'मैले विस्तृत अनुसन्धान नै त गरेको छैन तरपनि बढी उनीहरु नै देखिन्छन्।' मन्त्री शर्माका अनुसार अब व्यवसायीले कालिगढ उत्पादनमा समेत ध्यान पुर्‍याउनुपर्छ। दक्ष कालीगढ उत्पादन गर्न मन्त्रालयले तालिमको व्यवस्था गर्ने बताउदै शर्माले महासंघलाई समन्वय गर्न आग्रह गरे। 'दक्ष कालीगढ उत्पादन गर्न हामीले तालिमको लागि पहल गर्छौं, मन्त्री शर्माले भने, 'त्यसको लागि तपाईहरु पनि हामीसँग समन्वय गर्नुहोला।' त्यस्तै, महासंघका अध्यक्ष सुरेशमान श्रेष्ठले देशमा विद्यमान व्यापार घाटाको परिपुर्ती गर्न सुनचाँदी जस्ता बहुमूल्य धातुको प्रवर्द्धन, बिस्तार र निर्यातमा ध्यान दिनुपर्ने जनाए। 'सुनचाँदीसँगै बहुमूल्य पत्थर, रत्न, आभुषणको व्यवसायलाई सरकारले सहजनीतिमार्फत सहयोग गरे व्यापार घाटा कम गर्न सघाउ पुग्नेछ' श्रेष्ठले भने। गोष्ठीमा महासंघका महासचिव किसान सुनारले 'महासंघको विगतको समीक्षा र आगामी कार्यदिशा' विषयक कार्यपत्र प्रस्तुत गरे।

महासचिव सुनारद्वारा प्रस्तुत कार्यपत्रमा सरकारसंग विभिन्न माग र महासंघको २७ बुँदे आगामी कार्यदिशा उल्लेख गरिएको छ। 'सुन जस्तो क्यापिटल गुड्स र औद्योगिक कच्चा पदार्थलाई पनि पेट्रोलियम पदार्थ जस्तो उपभोग गरेर समाप्त हुने विलासीतापूर्ण वस्तुसँग दाँजेर आयात निरुत्साहित गरिएकोले अब यो व्यवसायलाई कसरी जिवित राख्ने भन्ने गम्भीर अवस्था सिर्जना भएको छ।' कार्यपत्रमा उल्लेख गरिएको छ।

त्यसैगरी सरकार तथा महासंघ बिचको समन्वय बलियो बनाउन नेतृत्वदायी भुमिका खेल्ने, सुन आयात गर्ने कम्पनी (गोल्ड बैंक) स्थापना गरी सम्पूर्ण सुन व्यवसायीहरुलाई सरल रुपमा सुन विक्री गर्ने, नीतिगत तहमा राज्यलाई दबाब दिने कार्यपत्रमा प्रस्तुत छ।


साथै, व्यवसायीहरुको हकहित तथा चेतना जागरणका लीग छुट्टै निर्देशिका मस्यौदा तयार गरी कार्यान्वयन गर्ने, देशव्यायीरुपमा महासंघले सुन तथा चाँदीको समान दर कायम गर्ने, सदस्य संघ तथा एशोसियट सदस्यहरु विस्तार गर्नेलगायतका बुँदा समावेश छन्।

## चिनियाँ विदेशमन्त्री वाङ स्वदेश प्रस्थान

**रासस**
**काठमाडौं, १३ चैत**

चीनका राज्यपरिषद् सदस्य एवं विदेशमन्त्री वाङ यी नेपालको त्रिदिवसीय भ्रमण सम्पन्न गरी आइतबार स्वदेश फर्कनुभएको छ। चिनियाँ विशिष्ट अतिथि वाङलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा परराष्ट्र सचिव भरतराज पौड्याल, नेपालका लागि चिनियाँ राजदूत हउ यान्छी, शिष्टाचार महापाल डा दुर्गाबहादुर सुवेदी, परराष्ट्र मन्त्रालय र यहाँस्थित चिनियाँ दूतावासका उच्च अधिकारीले बिदाई गर्नुभयो। परराष्ट्रमन्त्री डा नारायण खड्काको मैत्रीपूर्ण निमन्त्रणामा

बाँकी अन्तिम पृष्ठमा ▶▶



# गण्डकी प्रदेशको यू-१९ महिला क्रिकेट टोलीलाई जनही ५० हजार सहयोग गर्ने अर्थ मन्त्री बरालको घोषणा

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत

१९ बर्ष मुनिका खेलाडीहरु सहभागि (यु-१९) महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताको विजेता गण्डकी प्रदेशको टोलीलाई प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले जनही ५० हजार रुपैया सहयोग गर्ने घोषणा गर्नु भएको छ।



मन्त्रालयमा आइतबार आयोजित खेलाडी सम्मान तथा बधाई ज्ञापन कार्यक्रममा खेलाडीहरुलाई सम्मान गर्दै मन्त्री बरालले प्रदेशको नाम उचो राख्न खेलाडीहरुले पुराएको योगदानको प्रंशसा गर्दै उक्त टोलीमा सहभागि खेलाडीलाई जनही ५० हजार रुपैया सहयोग गर्ने घोषणा गर्नु भएको हो। खेलाडीको प्रोत्साहन स्वरुप केही न केही गर्नुपर्छ भन्ने मान्यताले प्रदेश सरकारले प्रारम्भिक चरणमा उक्त रकम दिने सोच बनाएको मन्त्री बरालले बताउनु भयो। उहाँले भन्नुभयो "राष्ट्रिय प्रतियोगितामा प्रदेशको प्रतिनिधित्व गरी विजेता हुनु भएको तपाई सम्पूर्ण खेलाडी, अपिसियल, खेल संघ लगायतलाई बिषेश धन्यवाद दिन चहान्छु, यो जितले गण्डकी प्रदेशको गौरव र सान बढेको हामीले महशुस गरेका छौं।" खेल क्षेत्रले व्यक्तिलाई स्वस्थ्य राख्ने, आफ्नो जिल्ला, प्रदेश र देशको पहिचान बनाउने हुदाँ आगामी दिनमा खेल क्षेत्र प्रबर्द्धन गर्न प्रदेश सरकारको ध्यान केन्द्रित हुने भएको मन्त्री बरालले बताउनु भयो। खेल क्षेत्रले पर्यटन प्रबर्द्धनसंगै आर्थिक गतिविधि समेत बढाउने जसले प्रदेशको आन्तरिक पुंजि समेत बृद्धि हुने उहाँले बताउनु भयो।

प्रदेशका आन्तरिक मामिला मन्त्री दोबाटे विश्वकर्माले उक्त जितले गण्डकी प्रदेशलाई ठुलो खुसि प्रदान गरेको बताउदै खेल क्षेत्रमा लाग्नेहरुको जीवनको भविश्य ग्यारेन्टी गर्नुपर्ने जनाउनु भयो। सम्भावना भएका खेलाडीहरु पलायन हुने अबस्थालाई अन्त्य गर्नुपर्ने उहाँको धारणा थियो। गण्डकी प्रदेश सभाका अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले खेलकुदबाट लाभ लिन दीर्घकालिन योजना अनुसार लगानी आवश्यक भएको बताउनु भयो। गण्डकी प्रदेशका खेलकुद परिषद सदस्य सचिव तेज बहादुर गुरुङले महिला क्रिकेटले दिलाएको जितले प्रदेशका २५ लाख जनतामा खुसि छाएको बताउनु भयो। प्रदेश सरकारले खेलकुदलाई बजेटको हिसावले बढी प्रथामिकता दिनुपर्ने उहाँले माग गर्नु भयो। गण्डकी प्रादेशिक क्रिकेट संघले मन्त्रालयमै आयोजना गरेको उक्त कार्यक्रममा अर्थ मन्त्री बराल, आन्तरिक मामिला मन्त्री विश्वकर्मा, प्रदेशका अर्थ तथा विकास समितिका सभापति कोइराला, प्रदेशका प्रमुख सचिव रविलाल पन्त, अर्थ सचिव बैकुण्ठ अर्याल, युवा तथा खेलकुद मन्त्रालयका सचिव बद्रीनाथ अधिकारी लगायतले खेलाडीहरुलाई सम्मानपत्रको साथमा फुल माला र अविर लगायर सम्मान गर्नु भएको हो। संघका अध्यक्ष देवेन्द्र प्रजुको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको संघका कोषाध्यक्ष प्रकाश पोखरेलले बताउनु भयो।

कैलालीको धनगढीमा हालै सम्पन्न भएको सुदुरपश्चिम मुख्यमन्त्री कप यु-१९ महिला राष्ट्रिय क्रिकेट प्रतियोगितामा कर्णाली प्रदेशलाई ३ विकेटले पराजित गर्दै गण्डकी प्रदेशले उपाधि जितेको हो। गण्डकी प्रदेश यु–१९ महिला क्रिकेट टोलीमा अन्जली बिस्वकर्मा (उ.क), सिमाना के.सी., ज्योत्स्नीका मरासिनी, सोनिया थापा, आकृति तिवारी, कुसुम गोदार, अरबिना अधिकारी, निरु जि.टि., सेरिना थापा मगर, मनिसा उपाध्याय (क), सिर्जना पौडेल, जेनिसा खत्रि, आङ पेम ल्याम्बु शेर्पा र प्रीती पराजुली रहनु भएको छ। उक्त टोलीको टिम प्रशिक्षकमा रिजन प्रजु, सहायक प्रशिक्षक गोविन प्रधान र टिम व्यबस्थापकमा एलिसा लामिछाने रहनु भएको छ।

# वडा नम्बर २५ र २६ मा अटेरी उम्मेदवारको उम्मेदवारी घोषणा

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत

देशव्यापी बन्दै गएको अटेरी अभियानमा उम्मेदवार थपिने क्रम जारी छ।

पोखराबाट सुरु भएर देशव्यापी बनेको यो अभियानमा पोखराका थप दुई वडामा उम्मेदवार थपिएका छन्।

पोखरा महानगरको २५ र २६ वडामा अटेरी उम्मेदवार थपिएका हुन्। वडा नम्बर २५ मा सोमनाथ अधिकारी र २६ मा नवीन ढुंगानाले उम्मेदवारी सार्वजनिक गरेका हुन्। 'अटेरी उम्मेदवारी दिने साथीहरु थपिँदै हुनुहुन्छ। पोखराको २५ र २६ नम्बर वडामा दुई जना साथीहरुले उम्मेदवारी दिनुभएको छ,' अभियानका निर्वाचन अभियान संयोजक हरि कार्कीले भने।

पोखराबाट गनेस पौडेलले सुरु गरेको यो अभियानमा अहिले देशका विभिन्न भागबाट अटेरी उम्मेदवारी दिनेको संख्या थपिँदै छ। पोखराबाट यस अभियानमा जोडिने अभियन्ताहरुले १९ गते पत्रकार सम्मेलन गरेर आफ्ना योजना सार्वजनिक गर्दै छन्।

# भाट समाज कास्कीको अध्यक्षमा कृष्तीका सूर्य

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत



रानाभाट/भाट समाज नेपाल कास्की जिल्ला समितीको शनिबार सम्पन्न १३ औं साधारण सभा तथा छैटौं अधिवेसनबाट कृष्तीका सुर्यबहादुर रानाभाटको अध्यतामा २१ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएका छन्।

समितिको बरिष्ठ उपाध्यक्षमा नरेशकुमार बन्जरा, उपाध्यक्षमा प्रतिभा रानाभाट र अन्जु रानाभाट, सचिवमा सुर्यप्रसाद बन्जरा, सहसचिवमा एकेन्द्र बन्जरा, कोषाध्यक्षमा रेशमबहादुर रानाभाट र सदस्यहरुमा विमला रानाभाट, श्रीराम रानाभाट, एकदेव रानाभाट, लक्ष्मण रानाभाट, संजयकुमार रानाभाट, गंगा रानाभाट, वासुदेव रानाभाट, विष्णुकुमारी रानाभाट, भुपेन्द्र रानाभाट, ढकबहादुर रानाभाट, पद्मा रानाभाट, सिता रानाभाट र शम्भु अधिकारी चयन भएका छन्। सो अवसरमा शिक्षामा विशिष्ठ योगदान गरेवापत फिष्टेल एकेडेमीका संस्थापक प्राचार्य चिनु रानाभाट, कृस्तिका डा. मिनबहादुर रानाभाट, भाट समाजको पुर्नजागरण समय २०६४ देखि अनवरत समाजमा योगदान गरेबापत पश्चिमाञ्चल क्षेत्रिय समिति पुर्व सचिव असफल गौतम, पुर्व कोषाध्यक्ष कृष्ण रानाभाट, सहसचिव विकास रानाभाट, अभियान्त विष्णु रानाभाट, कास्की जिल्ला पुर्व अध्यक्ष बुद्धिबहादुर रानाभाटलाई सम्मान गरिएको थियो। निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई पुर्व केन्द्रिय अध्यक्ष खड्गबहादुर रानाभाटले सपथ ग्रहण गराएका थिए। निर्वाचन मण्डलमा केन्द्रीय सदस्यहरु श्रीबहादुर रानाभाट, ठाकुर रानाभाट र नरेन्द्र रानाभाट, गण्डकी प्रदेश अध्यक्ष चन्द्रबहादुर रानाभाट, पत्रकार कृष्ण रानाभाट रहेका थिए।

समाजका अध्यक्ष रमेश रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वरिष्ट उपाध्यक्ष श्रीधर रानाभाटले र संचालन सचिव रुद्रबहादुर रानाभाटले गरेका थिए।

# चिनियाँ...

नेपाल भ्रमणमा आउनुभएका विदेशमन्त्री वाङ १९ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै शुक्रबार यहाँ आइपुग्नुभएको थियो। नेपाल भ्रमणका क्रममा चीनका विदेशमन्त्रीले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्रीद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' लाई बेग्लाबेग्लै भेट्नुभएको थियो। भ्रमणका क्रममा नेपाल र चीनका परराष्ट्रमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलबीच शनिबार द्विपक्षीय वार्ता हुनुका साथै दुवै देशका सम्बद्ध अधिकारीले पारस्परिक सहयोग अभिवृद्धि गर्नेसम्बन्धी नौ समझदारीमा हस्ताक्षर गर्नुभएको थियो।

# काहुँखोला महिला सहकारीमा वेमौसमी तरकारी खेती तालिम

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत

पोखरा महानगरपालिका वडा नं १३ स्थित काहुँखोला महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाको आयोजनामा तीन दिने वेमौसमी तरकारी खेती तालिम आइतवारदेखी सुरु भएको छ।




सहकारीले आफ्ना शेयर सदस्य महिलाहरुको आय आर्जनमा पहुँच पुराउने उद्देश्यले सो तालिम सुरु गरिएको हो।

पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष दर्शन लामाले तालिम लिएर व्यवहारमा उतार्नु पर्नेमा जोड दिए। तरकारी उत्पादनमा बढि जोड दिए आत्मनिर्भर सँगै दिगो विकासमा सहयोग पुग्ने अध्यक्ष लामाले वताए। जनकल्याण समितिका अध्यक्ष देवराज वरालले तालिमले सहभागीहरुलाइ तरकारी खेतीमा अगाडि बढ्न ठूलो सहयोग पुग्ने विचार राखे। तालिममा २१ शेयर सदस्यहरुको सहभागिता रहेको थियो। काहुँखोला महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाका उपाध्यक्ष सिता कुमारी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा सचिव सरास्वती कार्कीले संचालन गरेकी थिइन। तरकारीको बेर्ना कसरी उत्पादन गर्ने विषयमा छलफल भएको सचिव कार्कीले वताइन।

# भद्रकालीको गणित कार्यशाला प्रतियोगितामा गण्डकी बोर्डिङ प्रथम

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत

नेपाल युवा रेडक्रस सर्कल भद्रकाली माविको आयोजनामा जिल्ला स्तरीय गणित सामाग्री कार्यशाला प्रतियोगिता तथा प्रदर्शनीमा गण्डकी बोर्डिङ स्कूल प्रथम भएको छ।



आइतवार भएको प्रतियोगितामा जनप्रिय मावि द्धित्तिय, भद्रकाली मावि तृत्तिय र सान्त्वना ग्लोवल कलिजियट बोर्डिङ स्कुलले हात पारेको छ। १२ विद्यालयका १६ समुहको कार्यक्रममा सहभागिता रहेको थियो।

कार्यशाला हेर्नमा मात्र आनन्दित नभै ज्ञान सिकाइमा सहयोग पुग्ने वडा नं १३ का वडा अध्यक्ष दर्शन लामाले भने।

नेपाल युवा रेडक्रस सर्कल भद्रकालमाविका संरक्षक घनश्याम रिजालको अध्यक्षतामा भएको कार्यक्रममा गणित शिक्षा परिषद कास्कीका अध्यक्ष केशव अमगाँई, जुनियर युव समिति नेपाल रेडक्रस सोसाइटी कास्कीका संयोजक विष्णुप्रसाद भण्डारी लगायत वोलेको कार्यक्रम नेपाल युवा रेडक्रस सर्कल भद्रकालीका शिक्षक नायक झक श्रेष्ठले संचालन गरेका थिए।

# माओवादी छोड्नेहरू पदका लोभी हुन् : शिक्षामन्त्री पौडेल

पोखरापत्र संवाददाता
बागलुङ, १३ चैत

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडलले पदका लोभीहरूले मात्रै पार्टी छाड्ने गरेको टिप्पणी गर्नुभएको छ। नेकपा (माओवादी केन्द्र) जैमिनी नगरपालिका बागलुङले आज आयोजना गरेको राजनीतिक तथा वैचारिक प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै माओवादीका नेतासमेत रहनुभएका मन्त्री पौडेलले माओवादीबाट एमालेमा गएका पूर्वमाओवादी नेताहरूतर्फ लक्षित गर्दै पार्टीलाई माया गर्नेहरू माओवादीमै रहेकाले पद लोभीहरूले मात्रै पार्टी छाडेको टिप्पणी गर्नुभयो। माओवादीबाट गएका केही नेताहरूले माओवादीलाई नै सरापेको देख्दा आफू अचम्म परेको बताउनुभयो। उहाँले आगामी स्थानीय तहको चुनावमा गठबन्धनको प्रयास भइरहेको बताउँदै पहिले माओवादी मजुबत हुने गरी पार्टी सङ्गठन विस्तारमा लागेको बताउनुभयो। उहाँले देशको परिर्वतनका लागि माओवादीले दुःख, कष्ट र त्याग गरेको बताउँदै देशमा प्राप्त उपलब्धिलाई संस्थागत गर्न आवश्यक रहेको बताउनुभयो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सवैको निन्दा सुन तर आफ्नो फैसलालाई भने गोप्य नै राख।
– शेक्सपियर

## सम्पादकीय

# लगानी मैत्री वातावरण वनाऊ

छ महिनादेखि विवादमा रुमलिएको गैरआवासीय नेपाली संघको दशौ विश्व सम्मेलन तीन अध्यक्ष चुनेर सकिएको छ। गैरआवासीय नेपाली संघको प्रतिबद्धताः समृद्ध राष्ट्र निर्माणमा एकता भन्ने मूल नारा तय भएको थियो। दशौँ गैरआवासीय नेपाली विश्व सम्मेलन तथा अन्तराराष्ट्रिय महाधिवेशन १४ बुँदे घोषणापत्र जारी गर्दै सकिएको छ।

पुर्व अध्यक्ष शेष घलेले पनि अधिवेशन गरेर छुट्टै समिति बनाएर विवादमा पारिदिएका छन। नेपालले लगानी धेरै भित्रिने अपेक्षा गरेको थियो।लगानी मैत्री वातावरण नबनाई गैरआवासीय नेपाली मार्फत लगानीको आशा गर्नु अवास्तविकता हो। लगानीलाई सहजीकरण गर्न, नेपालको संविधानले दिएको आर्थिक तथा सामाजिक अधिकार उपभोग गराउन सहजीकरण गर्नको लागि कानुनी संरचना सुधारको कदम चाल्न आग्रह गरिएको छ। १० अर्ब लगानी छिट्टै नेपाल ल्याउने उद्धोष गरिएको छ।

सन् २०३० सम्म नेपाल सरकारद्वारा निर्धारित सन् २०२२ भित्र नेपाललाई अल्पविकसित मुलुकको दर्जाबाट स्तरोन्नति गर्ने, संयुक्त राष्ट्र संघले लिएको दिगो विकासका लक्ष्य पूरा गर्ने र मध्यम आय भएको राष्ट्र बनाउन गैरआवासीले योगदान गर्ने प्रतिबद्धता जनाइएको छ।प्रतिबद्धता जनाउन जति सजिलो छ कार्यान्वयनमा जटिलता छ। वैदेशिक रोजगारलाई सुरक्षित, न्यायपूर्ण, मर्यादित र व्यवस्थित पार्न लागत खर्चमा पारदर्शिता, नियम कानुनको पूर्णपालना, समस्यामा पर्ने कामदारलाई न्याय, उद्धार र क्षतिपूर्तिका सकारसँग सहकार्य गर्ने प्रतिबद्धता जनाइएको छ।

कर्मचारी सञ्चय कोषसँगको सहकार्यमा अघि सारेको अनिवार्य बचत (हजारे अभियान) सहितको सञ्चय कोष कार्यान्वयनका लागि परिणामदायी पहल गर्ने घोषणापत्रमा उल्लेख छ। कोभिड १९ का कारण थला परेको नेपाली पर्यटन क्षेत्रलाई क्रियाशील तुल्याउन नेपाल सरकार, नेपाल पर्यटन बोर्ड लगायत संसार भरि रहेका नेपाली कूटनीतिक नियोगहरुसंग सहकार्य गर्ने जनाइएको छ। त्यसका लागि २ महिनाभित्र कार्ययोजना बनाइने जनाईएको छ।

विज्ञान तथा प्रविधिमा संलग्न गैरआवासीय नेपालीको तथ्यांक तयार गर्दै तीनमा संलग्न शैक्षिक संस्था एवं अनुसन्धान केन्द्र र नेपालका शैक्षिक संस्था र अनुसन्धान केन्द्रबीच समन्वयको वातावरण बनाउने उल्लेख गरिएको छ। संघले एक स्थायी निकाय स्थापना गर्न पहल गर्ने भएको छ। नेपाली अत्यधिक संख्यामा रहेका मुलुकमासरकारको प्रतिनिधित्व रहने गरी नेपाली राजदुतावास वा महावाणिज्यदूतावासको स्थापना गर्न तथा भएका नियोगहरूलाई मानवीय तथा प्राविधिक रूपमा समेत सवल बनाउन जोड दिइएको छ। जहाँ सहयोग गर्नुपर्नेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सम्मान मिल्नेछ |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# राप्रपा नेपाल कास्कीको वडाहरुमा कमिटी गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ चैत**

हरेक वडामा राप्रपा नेपाल भन्ने नारालाई आत्मसाथ गर्दै राप्रपा नेपाल कास्कीले वडा कमिटी गठन कार्यलाई तिव्रता दिएको छ।

जस अन्तर्गत पोखराको वडा नं. १४, १५, २२, २३, १६, २०, ९, ६ र अन्नपूर्ण गाउँपालिकाको वडा नं. १ मा वडा कमिटी गठन गरिएको छ।

वडा नं. १४ मा सागर विकको अध्यक्षता, वडा नं. १५ मा गोविन्द गुरुङ, ६ मा चिना दवाडी, ९ मा सुरेश सिल्पकार, २२ मा इन्द्र प्रसाद बराल, १६ मा अनुज कार्की, २० मा कुमार बस्नेत र अन्नपूर्ण १ मा महादेव सापकोटाको अध्यक्षतामा वडा कमिटी गठन गरिएको हो।

कार्यक्रममा बोल्दै जिल्ला अध्यक्ष तथा पार्टीका सहायक महामन्त्री शिवकुमार बास्तोलाले हिन्दु राष्ट्र राप्रपा नेपालको पहिचान भएको बताउँदै राप्रपा नेपालले हरेक वडामा राप्रपा नेपाल भन्ने सिद्धान्तलाई अगाडि बढाइरहेको कार्यक्रम गरिरहेको बताउनुभयो। उहाँले हिन्दु राष्ट्र चाहने सबै कार्यकर्ता तथा शुभचिन्तकहरुलाई यो पार्टीमा आवद्ध हुन समेत आग्रह गर्नुभयो।

# किसानलाई अनुदानमा मिनीटिलर र कुटानी पिसानी उपकरण

**पोखरापत्र संवाददाता**
**तनहुँ, १३ चैत**

बन्दिपुर गाउँपालिकाले आज स्थानीय किसानलाई ५० प्रतिशत अनुदानमा मिनीटिलर र कुटानी पिसानी उपकरण वितरण गरेको छ। एक्काइस २१ मिनीटिलर, २० कुटानी पिसानी, पाँच घाँस काट्ने र तीन स्टे उपकरण वितरण गरिएको हो।

गाउँपालिका मातहतका छवटै वडाका किसानलाई लक्ष गरी गाउँपालिकाको रु १४ लाख र किसानको रु १४ लाख गरी कूल रु २८ लाखको लागतमा उक्त सामाग्री खरिद गरेर ल्याइ वितरण गरिएको हो। व्यक्तिगत र समूहगतरुपमा माग भई आएका सबै किसानलाई सामग्री उपलब्ध गराइएको अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो। "किसानलाई प्रोत्साहन गर्न अनुदानमा कृषि औजर उपलब्ध गराएका हौं", उहाँले भन्नुभयो, "किसानलाई आधुनिकीकरणतर्फ उन्मुख गराउन गाउँपालिकाले प्राथमिकतामा राखेको छ।" मिनीटिलरले बाँझो जमिन जोत्ने र खेती लगाई धेरैभन्दा धेरै उत्पादन गरेर खाद्य बालीमा आत्मनिर्भर बन्न सहयोग पुर्‍याउने, व्यावसायिकरुपमा पशुपालन गरेका किसानलाई थोरै समयमा धेरै घाँस काट्न सकिने र छोटो समयमा कुटानी पिसानी गर्न सकिने भएकाले त्यस्ता उपकरण वितरण गरिएको हो।

यसै गरी बन्दीपुर गाउँपालिका-२ स्थित सिमलटार खानेपानी आयोजनाको निर्माण भएको छ। खानेपानीको अभाव रहेको उक्त क्षेत्रका स्थानीयवासीलाई सहज बनाउन लिफ्टिङ खानेपानी आयोजना निर्माण गरिएको हो। एक करोड ५१ लाखको लागतमा निर्मित आयोजना यही चैत १८ गते शभारम्भ गरिने आयोजनाका अध्यक्ष रोजन बानियाँले जानकारी दिनुभयो। उक्त आयोजनाबाट वितरितखानेपानीबाटसिमलटार, धारापानी, चामुण्डाथान र थुम्कीका २२५ घरधुरी लाभान्वित हुनेछन्।

# थप २३ जनामा कोरोना सङ्क्रमण पुष्टि

**रासस**
**काठमाडौं, १३ चैत**

देशभर पछिल्लो २४ घण्टामा थप २३ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार सो अवधिमा पाँच हजार २२२ जनाको पिसिआर परीक्षण गरिएको थियो। योसँगै नेपालमा पिसिआर विधिबाट परीक्षण गर्दा कोरोना सङ्क्रमितको सङ्ख्या नौ लाख ७८ हजार ३३२ पुगेको छ। एन्टिजेन विधिबाट परीक्षण गर्दा एक लाख ४० हजार ११३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। पछिल्लो समय थप २१५ जना कोरोनाबाट निको भएका छन्।

योसँगै निको हुनेको सङ्ख्या नौ लाख ६४ हजार ८२३ पुगेको छ। निको हुने दर ९८ दशमलव ६ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९५१ पुगेको छ। पछिल्लो २४ घण्टामा कोरोनाका कारण कोहीको पनि ज्यान गएको छैन। पछिल्लो २४ घण्टामा २४ हजार ६९१ जनाले कोरोनाविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार ५५८ रहेको छ। हाल होम आइसोलेशनमा एक हजार हजार ५१३, संस्थागत आइसोलेशनमा ४५, आइसियुमा २३ र भेन्टिलेटरमा दुई रहेका छन्।

# सैनिक अस्पतालद्धारा पोखरा बृद्धाश्रममा स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ चैत**



पोखरा बृद्धाश्रमको २५ औं स्थापना दिवसका अवसरमा सैनिक अस्पताल फुलवारी पोखराको प्राविधिक सहयोगमा पोखरा वृद्धाश्रममा निशुल्क स्वास्थ्य शिविरको आयोजना गरियो।

शिविरमा सैनिक अस्पतालका डा. अमृत घिमिरे, डा. स्वेता राज्यलक्ष्मी राणा, डा. शिशिर श्रेष्ठ, डा. अभिशेख थापा, व्यवस्थापक सेनानी विज्ञानराज पोखरेल सहितको १३ सदस्यीय टोलीले स्वास्थ्य परिक्षण गर्नुभएको थियो। शिविरमा पोखरा बृद्धाश्रम र आसपासका ५३ जना जेष्ठनागरिकको स्वास्थ्य परिक्षण गर्नुका साथै दुई लाख मुल्य बरावरको औषधि तथा पौष्टिक आहार वितरण गरिएको थियो।

आश्रममा आयोजित शिविरको नेपाली सेना फुलवारी पोखराका प्राविधिक सहायक रथी डा. भुवनराज कुँवरले शुभारम्भ गर्दै सेना नागरिक समाजसंग सहकार्य गर्दै सामाजिक सेवामा समर्पित हुँदै आएको बताउनुभयो। विजयपुर कमाण्ड सेनापति बाबुराम श्रेष्ठको निर्देशनमा बृद्धाश्रममा स्वास्थ्य परिक्षण शिविर सञ्चालन गरिएको जानकारी दिदैं उहाँले राज्य र नागरिकलाई पर्ने जस्तो सुकै अप्ठेरोमा पनि नेपाली सेनाले सहयोग गर्दै आएको जानकारी दिनुभयो। गण्डकीप्रदेश सामाजिक विकास मन्त्रालयका पुष्पराज पौडेलले समाजका जेष्ठनागरिक, महिला तथा बालबालिकाको क्षेत्रमा मन्त्रालयले सहयोग गरेर सामाजिक उत्तरदायित्व पूरा गर्दै आएको जानकारी दिनुभयो।

पोखरा बृद्धाश्रमका अध्यक्ष कुसुमकेशव पराजुलीले सैनिक अस्पतालबाट आगामी दिनमा पनि स्थास्थ्य शिविर सञ्चालन गर्न आग्रह गर्दै आश्रममा आश्रित जेष्ठनागरिकहरुलाई भोजन भन्दा पनि औषधि उपचारमा बढी खर्च हुने गरेको बताउनुभयो। बृद्धाश्रममा हाल समाजका विपन्न, असहाय एवम् अपहेलित ५५ जना जेष्ठनागरिक आवद्ध रहनु भएको कोषाध्यक्ष धर्म गुरुङले जानकारी दिनुभयो।

# गण्डकी प्रज्ञा प्रतिष्ठानको दुरा र तामाङ भाषा प्रशिक्षण कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ चैत**



गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा दुरा भाषा तथा तामाङ भाषा प्रशिक्षण कार्यक्रम सुरु भएको छ। जस अन्तर्गत दुरा मातृभाषा प्रशिक्षण तथा अभिमुखिकरण कार्यक्रम लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका वडा नम्बर १० मा आयोजना गरिएको हो।

दुरा समाज, हाँडीखोला समाजको सहकार्यमा सुरु भएको भाषा प्रशिक्षण कार्यक्रममा २५ जना प्रशिक्षार्थीको सहभागीता रहेको गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिनुभयो। कार्यक्रमको प्रशिक्षकमा मुक्ति प्रसाद अधिकारी रहनुभएको छ। दुई महिनासम्म सञ्चालन हुने प्रशिक्षण कार्यक्रमको शुभारम्भ गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्चीले गर्नुभएको थियो। यस्तै गण्डकी प्रज्ञा प्रतिष्ठान गण्डकीकै आयोजनामा तामाङ मातृभाषा प्रशिक्षण कार्यक्रम पोखरामा आयोजना गरिएको छ। नेपाल तामाङ घेदुङ कास्की र नेपाल तामाङ घेदुङ पोखरा महानगर समितिसँगको सहकार्यमा प्रशिक्षण कार्यक्रम आरम्भ भएको हो। ३० जना प्रशिक्षार्थीको सहभागीता रहेको प्रशिक्षण कार्यक्रमको प्रशिक्षक दीपक तामाङ हुनुहुन्छ। गण्डकी प्रदेश सरकारका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले शुभारम्भ गर्नुभयो। यो प्रशिक्षण कार्यक्रम समेत दुई महिना सञ्चालन हुने सदस्यसचिव श्रेष्ठले बताउनुभयो। गण्डकी प्रज्ञा प्रतिष्ठानले स्थापित जाती विस्तापित भाषा नाम दिएर प्रशिक्षण कार्यक्रम गरिरहेको छ। प्रतिष्ठानले यो वर्ष ५ वटा जातीको भाषाका कक्ष संचालन गर्ने उद्देश्य राखेको छ। जस अनसार गुरुङ समुदायको भाषा प्रशिक्षण कार्यक्रम पौष १५ गतेबाट र नेवार समुदायको भाषा प्रशिक्षण कार्यक्रम चैत्र १ गते बाट सञ्चालन गरिएको थियो।

माग भएका ठाउँमा भाषा प्रशिक्षण कार्यक्रम गर्ने योजना प्रतिष्ठानले बनाएको सदस्य सचिव श्रेष्ठको भनाई छ। प्रतिष्ठानले साहित्यका सबै विधालाई महत्वका साथ स्थान दिँदै यिनको संरक्षण तथा प्रवर्द्धन गर्न निरन्तर कार्य गर्ने उहाँले बताउनुभयो। अब छिट्टै मगर समुदायको भाषा प्रशिक्षण कार्यक्रम समेत सञ्चालन गर्ने तयारी प्रतिष्ठानले बनाएको छ। प्रतिष्ठानले मगर समुदायको ऐतिहासिक पुस्तक समेत प्रकाशन गर्दैछ।

# आठौं तनहुँ महोत्सव : पशुपति शर्मा र एलिना चौहानको प्रस्तुति

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ चैत**



आठौं तनहुँ महोत्सवको चौथो दिन आइतबार कलाकार पशुपति शर्मा र एलिना चौहानको प्रस्तुतिमा दर्शकहरुले छमछमी नाचेर साथ दिए।

कलाकारको प्रस्तुतिमा दर्शकहरुले साथ दिदाँ महोत्सवको माहौल तातेको थियो। कलाकार हरुले साँझ अवेरसम्म आफ्नो प्रस्तुती गरेर दर्शकहरुको मन जित्न सफल भएका थिए। अन्य क्षेत्रिय कलाकारहरु सरिता सारु,जीवन दाहाल र रमेश मेलोडीको प्रस्तुतीले पनि दर्शकहरुलाई भरपूर मनोरञ्जन प्रदान गरेका थिए।

महोत्सवमा राष्ट्रिय ख्याति प्राप्त कलाकारको प्रस्तुति रहेका कारण पनि आइतबारको दिनमा पनि दर्शकहरु घुइँचो लागेको राष्ट्रिय कलाकार समन्वय समितिका संयोजक कुमार मल्लले जानकारी दिए। भोलीका कलाकारहरु : महोत्सवको पाँचौ दिन हेमन्त शर्मा,प्रीति आले,अमर धिताल,काजल गिरी,उमादेवी खनाल र रमेश मेलोडीको बेजोड प्रस्तुती रहने बताइएको छ।

महोत्सवको चौथो दिन करिब बीस हजार दर्शकहरुले महोत्सवको अवलोकन गरेको आयोजक समितिले जनाएको छ। महोत्सवमा करिब रु.पचास लाख बराबरको आर्थिक कारोबार भएको महोत्सवका प्रवक्ता ईमकुमार मल्लले जानकारी दिए।

महोत्सवको पाँचौ दिन पनि राष्ट्रिय ख्याति प्राप्त कलाकारहरु आउने भएकोले दर्शकहरुको बाक्लो भीड लाग्ने अनुमान गरिएको आयोजक समितिले जनाएको छ।

महोत्सव अवधिभर करिब तीन लाख दर्शकले महोत्सव अवलोकन गर्नुका साथै करिब रु.६ करोड बराबरको आर्थिक कारोबार भई रु.१५ देखि २० लाखसम्म बचत गर्ने लक्ष्य राखिएको छ। साथै यसबर्षको महोत्सवको आर्कषणको रुपमा मादी र सेती नदीमा मोटर बोर्ड संञ्चालन गरिएको छ। दुई वटा मोटरबोर्ड मादीसेती नदीमा संञ्चालन गरेपछि दर्शकहरुको आर्कषण बढेको हो। दश जना क्षमताको उक्त बोर्डमा प्रतिव्यक्ति रु.२५० शुल्क कायम गरिएको छ। मोटरबोर्डमा बसेर सयर गर्नुको आनन्द नै छुट्टै रहेको छ। धासिक,धार्मिक र साँस्कृतिक पर्यटकीयस्थलहरुको पहिचान गरी प्रबर्द्धन गर्ने उद्देश्यले महोत्सवको आयोजना गरिएको तनहुँ उद्योग बाणिज्य संघका अध्यक्ष एवं महोत्सव मूल समारोह समितिका संयोजक एवं तनहुँ उद्योग वाणिज्य संघका अध्यक्ष पविन्द्र कुमार श्रेष्ठले बताए। महोत्सवस्थलमा एक जना डा.सहितको प्राथामिक उपचार स्टल एम्बुलेन्स तयारी अवस्थामो छ भने एउटा एम्बुलेन्स स्टेन्डबाई राखिएको छ।

त्यसैगरी महोत्सवमा थप रौनकता प्रदान गर्न बनाइएको टिकटक पार्कमा पनि दर्शकहरुको भीड लागेको छ। टिकटक पार्कमा बसेर फोटो खिच्ने र टिकटक बनाउन दर्शकहरुको आर्कषण बढेको छ। टिकटक पार्कले दर्शकहरुलाई एक किसिमको मनोरञ्जन प्रदान गरेको छ। त्यसैगरी महोत्सवको रमाइलो मेला,केराको म : म,चिप्स लगायतका परिकार खाना पनि दर्शकहरुको भीड लाग्ने गरेको छ। त्यसैगरी महोत्सवस्थलका स्टलहरुमा गर्मी सिजनका कपडा किन्ने दर्शकहरुको पनि उत्तिकै भीड लाग्ने गरेको बताइएको छ।

# व्यवसाय जीवन रक्षा कोष सम्वन्धी अर्न्तक्रिया सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत



नेपाल घरेलु तथा साना उद्योग महिला उद्यमी गण्डकी प्रदेशको आयोजनामा आइतबार व्यवसाय जीवन रक्षा कोष सम्वन्धी अन्तक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा उपस्थित व्यवसायीले कोभिडको पछीको समय बैंकहरुले कर्जा दिन आनाकानी गरेको भन्दै गुनासो व्यक्तगरेका छन्। कार्यक्रममा बोल्दै नेपाल घरेलु तथा साना उद्योग महिला उद्यमीका केन्द्रिय अध्यक्ष रोशनी उपाध्यायले अहिले धेरथोर लगानी गरेर उद्यमशील बन्दै गएको बताउनुभयो। उहाँले उद्यममा केही समस्या भएकाले अव समस्या समाधान गर्न पनि अग्रसर हुन आग्रह गर्नुभयो। उपाध्यायले कुनै व्यवसायीको गुनासो पछि बैंकहरुले बिना धितो कुनैपनि क्षेत्रमा कर्जा उपलब्ध गराउन नसक्ने बताउनुभएको थियो। उहाँले भन्नुभयो, आफ्नो घरमा त कुनैपनि कुनै कामकाजमा कारोवार हुदा स्पटीकरण दिन पर्छ भने यो त सरकारी कामकाज भएकाले विना आधार उद्योग व्यवसाय गर्न नदिने बताउनु भयो। गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषद कार्यालयका उपसचिव भक्त भण्डारीले कोभिडको कारण नेपालमा व्यवसायी उद्यमीहरुलाई प्रत्यक्ष असर परेकाले सहयोग गर्ने र व्यवसायलाई कसरी चलायमान गराउने भन्ने कार्यविधि निर्माण भएको बताउनु भयो।

नेपाल घरेलु तथा साना उद्योग महिला उद्यमी कास्कीका अध्यक्ष चिनु गुरुङले व्यवसायका लागि प्रदेश सरकारबाट भएको सुचना प्रवाह गर्न सामाजिक सञ्जालले आफुहरुलाई फाइदा पुऱ्याएको बताउनु भयो।

कार्यक्रममा गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालय र नेपाल राष्ट्र बैंक पोखराले सहजीकरण गरेका थिए।

# राईजिङ क्रिकेट क्लबको ४ रनको रोमाञ्चक जित

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत



ऋतिक थापा मगरले उत्कृष्ट बलिङ गरेपछि माछापुच्छ्रे क्रिकेट क्लबले साँग्रिला क्रिकेट क्लबमाथि २५ रनको जितको नजिता निकालेको छ। ९० रनको लक्ष्य पछ्याएको साँग्रिला क्रिकेट क्लबलाई ६४ रनमै अलआउट गर्दै माछापुच्छ्रे क्रिकेट क्लबले जित आत्मसात गरेको हो।

वाईनकिङ्ग टी–२० कास्की क्लबस्तरीय च्याम्पियनसिपमा मध्यक्रमका दिपेश खत्री र विमल तिवारीले महत्वपूर्ण साझेदारी गरेपछि माछापुच्छ्रे क्रिकेट क्लबले ८९ रनको योगफल तयार परेको थियो। पुजन शर्मालाई ६ रनमै पभेलियन फर्काउँदै साँग्रिलालाई पहिलो सफलता मिलेको थियो। दुई चौका प्रहार गर्दै खेल्ने क्रममा उनी बोल्डआउट भए। अर्का ओपनर कविन सापकोटालाई १२ रनमा आउट भएपछि माछापुच्छ्रे केही संकटमा पर्‍यो। प्रविन ढकाल केवल ३ रनमै आउट भए। ऋतिक थापा मगर शून्य रनमै पभेलियनको बाटो समाएपछि मध्यक्रमका दिपेश खत्री र विमल तिवारीले इनिङ सम्हाले। खत्री राजु तामाङको बलमा बोल्ड हुनु अघि २८ रनमा खेलिरहेका थिए। तामाङकै बलमा विमल तिवारी व्यक्तिगत २२ रनमा आउट भएपछि माछापुच्छ्रे थप संकटमा पर्‍यो। तिवारीले ३१ बल खेल्दै १ चौका प्रहार गरे। खत्रीले २८ रन बनाउने क्रममा ४० बल खेल्दै १ छक्का हिर्काए। मनोज कोइराला ९ रनमा अविजित रहे।

बलिङमा राजु तामाङले ४-०-१७-२ को स्पेल देखाए। सन्जय शर्मा र सुदिप पौडेलको नाममा २/२ विकेट लेखियो। ९० रनको लक्ष्य पछ्याएको साँग्रिला क्रिकेट क्लब सुदिप पौडेल र रिकेश गुप्ताले क्रमश २० र ११ रनको दोहोरो स्कोर तयार पारे। अन्य व्याटरको व्याटबाट दोहोरो अंकको रन जोडिन सकेन्। अन्तत ६४ रनमा समेटिन पुग्यो। बलिङ ऋतिक थापा मगरले ४ विकेट लिए। दिपेश खत्री, प्रविन ढकाल र विनोद नेपालीले समान २/२ विकेट लिए। थापा मगर प्लेयर अफ दि म्याच घोषित भए।

अर्को खेलमा राईजिङ क्रिकेट क्लबले पोखरा क्रिकेट क्लबमाथि ४ रनको रोमाञ्चक जित निकाल्दै लिगको शीर्षस्थानमा उक्लिएको छ। टस जित्दै ब्याटिङ गरेको राईजिङले १२१ रनको योगफल तयार पार्‍यो। नवौं नम्बरमा आएका विमलविक्रम खत्रीले ४४ रनको अविजित रहँदै महत्वपूर्ण इनिङ खेले। ओपनर सागर लामिछाने शून्य र मिलन थापा २ रनमै आउट भएपछि राईजिङ दबावमा परेको थियो। किरण पौडेल पनि ५ रनमा आउट भएपछि चौथो नम्बरमा आएका नविन पोखरेल पनि शून्यमै आउट हुन पुगे। एकपछि अर्को गरी सस्तैमा व्याटर आउटभएपछि राईजिङलाई कप्तान अमृत गुरुङले सम्हाल्ने प्रयास गरे। लामिछाने र पोखरेल विजय राउतको बलमा बोल्ड भए। अमृतले ३३ बल खेल्दै ३१ रन बनाउने क्रममा राउतकै बलमा विकेट किपरको हातबाट क्याच हुन पुगे। अमृतले २ छक्का प्रहार गरे। कृष्ण पौडेलले २३ रन बनाउने क्रममा १७ बल खेल्दै २ चौका र १ छक्का हिर्काए। पौडेल र खत्रीले आठौं विकेटको लागि महत्वपूर्ण साझेदारी निभाए। खत्रीले अविजित ४४ रन बनाउने क्रममा ३१ बल खेल्दै ३ चौका र २ छक्का प्रहार गरे। बलिङ तर्फ विजय राउतले ३ विकेट लिदाँ अनिष खड्काले पनि ३ विकेट आफ्नो नाममा लेखाउन सफल भए।

१२२ रनको लक्ष्य पछ्याएको पोखरा क्रिकेटल क्लब ११७ रनमा समेटिएपछि ४ रनले हार व्होर्न पुग्यो। मुस्कान थापा, अनिल गुरुङ र प्रमोद बास्तोलाले प्रभावकारी व्याटिङ गरेपनि अन्य व्याटरले रन जोड्न नसक्दा भिनो रनको हार व्होर्नुयो। मुस्कानले २ चौकाको मद्धतमा २७ रन बनाए। यद्यपी अर्का ओपनर विकास अधिकारी केवल १ रनमै आउट भए। अमृत गुरुङको बलमा क्याच आउट भए।

सुवास भण्डारी पनि १ रनमै आउट भएपछि पोखरा क्रिकेट क्लबको इनिङलाई भरपर्दा व्याटर अनिल गुरुङले मुस्कान थापासँग सहकार्य गरे। अनिलले ३० रनको योगदान दिने क्रममा १ छक्का हिर्काए। उनी अमृत गुरुङको बलमा बोल्ड भएपछि ईशान श्रेष्ठले पनि क्रिजमा टिकेनन्। उनी शून्यमै पभेलियन फर्किए। प्रेम गुरुङले ११रन जोडे। प्रमोद बास्तोलाले २३ रन बनाएपनि जितको हकदार बनाउनबाट चुके। कृष्ण पौडेलले ३५ रन खर्चिएर ४ विकेट लिदाँ विमलबिक्रम कार्कीले ३ विकेट लिए। अमृत गुरुङ र विशाल रिजालले २/२ विकेट लिएका थिए। खत्री प्लेयर अफ दि म्याच घोषित भए।

# स्थानीय तह निर्वाचन : एक हजार ५०० कर्मचारी परिचालन

पोखरापत्र संवाददाता
दमौली, १३ चैत

आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि तनहुँमा एक हजार ५०० कर्मचारी परिचालन गरिने भएको छ। स्वयंसेवकबाहेक उक्त सङ्ख्यामा कर्मचारी परिचालन गर्न लागिएको हो।

जिल्लाका १० वटै पालिकामा कर्मचारी परिचालनका लागि अहिले कर्मचारीको विवरण सङ्कलनको काम भइरहेको जिल्ला निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिनुभयो। कार्यालयले निर्वाचनका लागि आवश्यक जनशक्ति व्यवस्थापनका लागि कर्मचारी र शिक्षकको विवरण माग गरेको छ। निर्वाचनमा परिचालनका लागि जिल्लास्थित कर्मचारी र शिक्षकको विवरण माग गरिएको र विवरण प्राप्त भएपछि निर्वाचन आयोगमा पठाइने उहाँले बताउनुभयो। "आयोगबाट नामावली स्वीकृत भएर आएपछि कर्मचारी खटनपटनको काम हुन्छ", उहाँले भन्नुभयो। ती पालिकामा ३०० केन्द्र छन्। मतदानस्थल नथपिए पनि मतदान केन्द्र थप गर्नेबारेमा छलफल भइरहेको छ। एक हजार मतदाता बराबर एउटा मतदान केन्द्र कायम गरिएको छ।

जिल्लामा २३ दलले भाग लिने भएका छन्। राष्ट्रिय मान्यताप्राप्त छ र अन्य क्रियाशील १७ गरी कूल २३ दलले निर्वाचनमा भाग लिने जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ। दल दर्ताका लागि दिइएको समयभित्र २३ दलले दर्ता गराएको निर्वाचन अधिकारी ढकालले बताउनुभयो। "जिल्लामा क्रियाशील राजनीतिक दललाई निर्वाचनमा भाग लिनका लागि विवरणसहित आउन सूचना जारी गरेका थियौँ", उहाँले भन्नुभयो, "राजनीतिक दलको विवरण आइसकेपछि कार्यालय थप काममा अगाडि बढेको छ।" आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि म्यादी प्रहरीमा भर्ना हुन जिल्लामा तीन गुणा बढीको आवेदन परेको छ। गत चैत ६ गतेदेखि ११ गतेसम्म निवेदन लिने समय रहेकामा तनहुँमा मागभन्दा तीन गुणा बढीको आवेदन परेको हो। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज खड्काका अनुसार म्यादी प्रहरीमा भर्ना हुनका लागि तीन हजार ४१८ को आवेदन परेको छ। ती मध्ये एक हजार २९२ म्यादी प्रहरी छनोट गरिनेछ। चालिस दिनका लागि काम गर्ने इच्छासहित प्रहरी कार्यालयमा फारम भर्न उपस्थित युवायुवतीको आकर्षण देखिएको हो। "म्यादी प्रहरीका लागि आवश्यक सङ्ख्याभन्दा धेरैको आवेदन परेको छ, त्यसो हुँदा छनोट विधिमार्फत म्यादी प्रहरी भर्ना गरिनेछ", उहाँले भन्नुभयो। म्यादी प्रहरीमा भर्ना हुन १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेको हुनुपर्ने छ। उमेरहद खुकुलो भएका कारण अधिकांश भूपू प्रहरी र भूपू सैनिकले पनि फारम भरेका छन्। म्यादी प्रहरीमा भर्ना हुनका लागि कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको, कुनै राजनीतिक दलको सदस्य नरहेको, साधारण लेखपढ गर्न जान्ने र शारीरिक तथा मानसिकरूपमा तन्दुरुस्त रहेको हुनुपर्ने योग्यता निर्धारण गरिएको छ। भर्ना भएका म्यादी प्रहरीले ४० दिन काम गर्न पाउनेछन्। त्यसका लागि मासिक रु ३० हजार २४० पारिश्रमिक निर्धारण गरिएको छ। पारिश्रमिकका साथै प्रत्येक म्यादी प्रहरीले खाद्यान्नवापत सात हजार २००, पोशाक र अन्य खर्च गर्ने गरी रु छ हजार, यातायात खर्चवापत रु एक हजार र बीमा सुविधासमेत उपलब्ध गराइने व्यवस्था गरिएको छ। छनोट प्रक्रिया भने १५ चैतदेखि प्रारम्भ हुने, नतिजा २२ चैतसम्म प्रकाशन गरिने र २८ गतेदेखि प्रशिक्षण सुरु गरिने भएको छ।

# बरपाण्डेथुममा तुलसी चिया वितरणसँगै ज्येष्ठ नागरिकलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत




नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानको प्राविधिक सहयोग एवम् बर पाण्डेथुम ज्येष्ठ नागरिक चौतारीको आयोजनामा पोखरा-३३ भरतपोखरीको बरपाण्डेथुममा तुलसी चिया वितरणसँगै ज्येष्ठ नागरिकलाई सम्मान गरिएको छ।

खाद्य हरियाली शहर कार्यक्रम अन्तर्गत बरपाण्डेथुममा झण्डै तीन रोपनी क्षेत्रफलमा लगाइएको तुलसी खेतीबाट उत्पादित, प्रशोधित एवम् नाष्टबाट परीक्षण गरिएको चिया यस क्षेत्रका २०० जना सर्वसाधारणलाई वितरण गरिएको ज्येष्ठ नागरिक महासंघ नेपालका केन्द्रीय सदस्य केशवराज लम्सालले जानकारी दिनुभयो।

उक्त अवसरमा यहाँका ५० जना ज्येष्ठ नागरिकलाई सम्मान गरिएको थियो। कार्यक्रममा पूर्व विज्ञान, प्रविधि तथा वातावरण मन्त्री एवम् नाष्टका सल्लाहकार गणेश शाहले तुलसीको पर्यावरणीय महत्वका साथै यसले मानवीय स्वास्थ्यमा ठूलो योगदान गर्ने बताउनुभयो।

स्वस्थ समाज निर्माणका लागि तुलसी रोप्नु अनिवार्य रहेको बताउँदै उहाँले तुलसीखेतीलाई आयआर्जनसँग जोड्न सकिने बताउनुभयो।

ग्लोबल पिस फाउण्डेशनका अध्यक्ष रामरोहन पन्तले तुलसी खेतीप्रति सर्वसाधारणलाई आकर्षित गर्न सकेकमा त्यसले वातावरण संरक्षणसँगै मानवीय स्वास्थ्यमा पनि टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। गण्डकी प्रदेश नीति तथा योजना आयोगका सदस्य माया तिमल्सिनाले स्थानीय ज्येष्ठ नागरिकको हक हितका लागि आयआर्जन अभिबृद्धि लगायतका काममा आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

गैरी भञ्ज्याङ सामुदायिक बन उपभोक्ता समूहका अध्यक्ष निलराज आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बरपाण्डेथुम दिवा सेवा केन्द्रका सचिव मोती भुजेलले सञ्चालन गर्नुभएको थियो। नाष्ट र बरपाण्डेथुम ज्येष्ठ नागरिक चौतारीको सहकार्यमा पोखरा-३३ भरतपोखरीमा खाद्य हरियाली शहर कार्यक्रम अन्तर्गत गत जेठमा सामुदायिक रुपमा तुलसीको प्राङ्गारिक खेतीको विकास गरिएको थियो। उक्त कार्यक्रममा गैरी भञ्ज्याङ काफलडाँडा सामुदायिक बन उपभोक्ता समुह, बरपाण्डेथुम बहुउद्देश्यीय सामुदायिक सिकाइ केन्द्र र समाज कल्याण परिषद् राष्ट्रिय स्वास्थ्य कोषले स्थानीय सहकार्य गरेका थिए।

# पानीमा भलिबल प्रतियोगिता !

पोखरापत्र संवाददाता
बागलुङ, १३ चैत

बाहिरतिर सामुद्रिक किनार या पौडीपोखरीमा भलिबल खेलेको देखेसुनेकै हो। हाम्रोमा भने नौलो हुन सक्छ, पानीमा खेलिने भलिबल। राष्ट्रिय खेल भलिबलका लागि उर्वर थलो गलकोटमा मङ्गलबारदेखि पानीमा खेल्ने भलिबल प्रतियोगिता (वाटर भलिबल गेम) हुँदैछ।

गलकोट नगरपालिका-३ चिसापानीस्थित दरमखोला रेम्बो ट्राउट एग्रो रिसोर्टले प्रतियोगिता आयोजना गरेको हो। रिसोर्टमा रहेको पौडीपोखरीमा खेल सञ्चालन हुने रिसोर्टका सञ्चालक हुम थापाले जानकारी दिनुभयो। पाँच दिनसम्म चल्ने प्रतियोगितामा वडास्तरीय टोली सहभागी हुनेछन्। "१५ देखि २० टिमले स्पर्धामा भाग लिने अनुमान छ, गुल्मीसम्मका खेलाडी टिम सम्पर्कमा आएका छन्", सञ्चालक थापाले भन्नुभयो, "खेलको प्रवर्द्धनसँगै गलकोटलाई नयाँ ढङ्गबाट चिनाउन पानीमा भलिबल प्रतियोगिता राखिएको हो।" गलकोट भलिबल टोलीका प्रशिक्षक सुरेन्द्र केसीले सम्भवतः नेपालमै पहिलोपटक यस किसिमको भलिबल खेल हुन लागेको बताउनुभयो। "यो जहीँतहीँ खेलाउन सम्भव हुँदैन, मापदण्ड पुग्ने पौडीपोखरी चाहिन्छ", उहाँले भन्नुभयो, "गलकोटमा पूर्वाधार पनि भएको र खेलाडी पनि उत्सुक देखिएकाले प्रतियोगिता पक्कै सफल हुनेछ।"

यस प्रतियोगिताबाट नयाँ अनुभव, सिकाइ र पानीमा खेलिने भलिबलको सम्भावना पहिल्याउन पनि सघाउ पुग्ने विश्वास लिइएको छ। पौडीपोखरीभित्र भलिबल खेल हुने चर्चाले खेलप्रेमी पनि प्रतियोगिता हेर्नका लागि उत्साहित छन्। रिसोर्ट परिसरमा रहेको २० मिटर लामो पौडीपोखरीमा खेल हुनेछ। एक टोलीबाट चारजना खेलाडी स्पर्धामा उत्रनेछन्। खेल लिग प्रणालीबाट खेलाइने आयोजकले जनाएको छ। प्रतियोगितामा पहिलो हुने टोलीले नगद रु ३० हजारसहित कप र मेडल र दोस्रोले रु १५ हजारसहित मेडल र तेस्रोले रु आठ हजार पुरस्कार पाउनेछ। टोली दर्ता शुल्क रु दुई हजार राखिएको छ। प्रतियोगिता सञ्चालनका लागि रु एक लाख ५० हजार खर्च हुने आइकलन आयोजकको छ। पुरस्कारका लागि प्रायोजनसमेत जुटाइएको छ। जिल्ला भलिबल सङ्घका अध्यक्ष याम श्रीसले पानीमा खेलिने भलिबलबारे आफूलाई धेरै जानकारी नभएको प्रतिक्रिया दिनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २३ सिम्टाबोट बराङ्ग मकवानपुर सिधाने सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम: सिम्टाबोट बराङ्ग मकवानपुर सिधाने सडक निर्माण
स्थान: पोखरा–२३ कास्की
योजना सम्झौता मिति : २०७८/०८/२६ गते
योजना सम्पन्न मिति : २०७८/१२/१० गते
योजनाको कुल लागत : रु. ११,२५,०७०/८६
वडाबाट विनियोजित रकम : रु.१०,००,०००/-
जनश्रम उपभोक्ताबाट : रु.१२५०७०/८६
उपभोक्ता समिति अध्यक्ष: दाम बहादुर वि.क.
सचिव: शिव घले
उपभोक्ता समिति: ११ जना, पुरुष– ६ जना
महिला– ५ जना

सिम्टाबोट बराङ्ग मकवानपुर सिधाने सडक निर्माण उपभोक्ता समिति पोखरा–२३ कास्की



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २३ घाटिछिना सिम्पानी हर्पन सडक स्तरोन्नती गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम: घाटिछिना सिम्पानी हर्पन सडक स्तरोन्नती
स्थान: पोखरा–२३ कास्की
योजना सम्झौता मिति : २०७८/१०/०९ गते
योजना सुरु मिति: २०७८/१०/१० गते
योजना सम्पन्न मिति : २०७८/१२/२९ गते
योजनाको कुल लागत : रु. १५,२९,४१२।-
महानगरपालिकाबाट विनियोजित रकम : रु.१३,००,०००/-
जनश्रम उपभोक्ताबाट : रु.२२९४१२।-
उपभोक्ता समिति अध्यक्ष: चेत बहादुर क्षेत्री
सचिव: हरिलाल पौडेल
उपभोक्ता समिति: ११ जना, पुरुष– ७ जना
महिला– ४ जना

घाटिछिना सिम्पानी हर्पन सडक उपभोक्ता समिति पोखरा–२३ कास्की